**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख १२ गते**
प्रदेश १ मा वैशाख १२ गते झापाका ६२ वर्षीय पुरूषमा कोरोना भाइरस सङ्क्रमण पुष्टी भएको छ । वैशाख १२ गते बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षणमा ति पुरूषमा कोरोना भाइरस देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । प्रदेश १ मा वैशाख १२ गतेसम्म कोरोना सङ्क्रमितको सङ्ख्या ३२ जना पुगेको छ । उदयपुरका २६ जना,विराटनगरका चार जना, भोजपुर र झापाका एक/एक जना गरी ३२ जना पुगेको प्रदेश १ को सामाजिक विकास मन्त्रालयले जनाएको छ । प्रदेश १ मा पीसीआर विधिबाट वैशाख १२ गतेसम्म ९ सय ६ जना शङ्कास्पद व्यक्तिको नमूना सङ्कलन गरिएको छ । नमूना सङ्कलन गरिएका मध्ये २ सय ४३ जना महिला र ६ सय ६३ जना पुरूष छन् । उनीहरूमध्ये ८७ जना महिला र ४ सय ९६ जना पुरूषको रिपोर्ट नेगेटिभ आएको छ । प्रदेश १ मा २९ जनामा कोरोना सङ्क्रमण पुष्टी भएको छ । सङ्क्रमण पुष्टी भएकामा उदयपुरका २४जना , विराटनगरका चार जना र भोजपुरका एक जना रहेका छन् । २९ जना मध्ये १२ जना भारतीय र १७ जना नेपाली रहेका छन् । र्‍यापिड डायग्नोष्टिक टेष्ट विधि (आरडीटी) बाट ४ हजार १ सय ६० जनाको नमूना परीक्षण गरिएको छ । परीक्षण गरिएकामा ६ सय ७६ जना महिला र ३ हजार ८ सय ८४ जना पुरूष छन् । प्रदेश १ सरकारले निर्माण गरेको क्वारेन्टाइनमा वैशाख १२ गतेसम्म १ हजार १ सय ६३ जना बसेका छन । ४३ जना डिस्चार्ज भएका छन् । आइसोलेशनमा स्वास्थ्यकर्मीको निगरानीमा ३० जना छन् । होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ५ हजार ३ सय ८७ जना बसिरहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले जनाएको छ । होम क्वारेन्टाइनमा बस्नेमा महिला ९ सय ३ जना र पुरुष ४ हजार ४ सय ८४ जना रहेका छन् ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारीका** अनुसार वैशाख १२ गतेसम्म मोरङमा १ सय ८५ जना पुरुष र २१ जना महिला गरी २ सय ६ जनालाई क्वारेन्टाइनमा राखिएको मोरङ प्रहरीले जनाएको छ । वैशाख १२ गतेसम्म १ सय ६४ जना पुरूष र १५ जना महिला गरी १ सय ७९ जना डिस्चार्ज भएका छन् । मोरङमा ६ सय ९३ वेडको क्वारेन्टाइन निर्माण गरिएको छ । मोरङमा वैशाख १२ गतेसम्म आईसोलेशनमा ५६ जना भर्ना भएका छन् । कोशी अस्पतालमा २४, कोभिड १९ उपचार केन्द्रमा २९ र पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँमा तीन जना रहेका छन् । वैशाख १२ गतेसम्म आईसोलेसनमा बसेका १७ जना पुरूष र पाँच जना महिला डिस्चार्ज भएका छन् ।
वर्ल्ड भिजन इन्टरनेशनलले ३४ लाख रुपियाँ बराबरको व्यक्तिगत सुरक्षा उपकरण (पीपीइ) सेट हस्तान्तण गरेको छ । २ सय १५ ओटा पीटीइ सेट, ३२ थान आईआर थर्मीमिटर प्रदेश १ का मुख्यमन्त्री शेरधन राईलाई वैशाख १२ वर्ल्ड भिजन इन्टरनेशनल पूर्व क्षेत्रीय व्यवस्थापक विनय अमात्यले हस्तान्तरण गर्नुभयो । मोरङ, सुनसरी र उदयपुर जिल्लामा स्थानीय तहसँगको समन्वयमा विभिन्न सामाग्रीहरू वितरण गरिएको जानकारी गराउनुभयो । वर्ल्ड भिजनले प्रदेश सरकारलाई एन९५ मास्क, सर्जिकल मास्क, मेडिकल प्रोटेक्टीभ क्लोथ, इलेक्ट्रोनिक थर्ममिटर, ग्लोब्स, ह्याण्ड सेनिटाईजर लगायतको दश प्रकारका सामाग्री समावेश गरिएको २ सय १५ थान पीपीइ सेट हस्तान्तरण गरिएको वर्ल्ड भिजन फिल्ड कार्यालयका पब्लिक इन्गेजमेन्ट स्पेश्लीष्ट प्रमिल अधिकारीले जानकारी दिनुभयो ।
प्रदेश १ सरकारले कारोना रोकथाम, नियन्त्रण र उपचारको लागि स्थापना गरेको कोरोना जनसुरक्षा कोषमा वैशाख १२ गतेसम्म २८ करोड ७८ लाख ८६ हजार सात सय २५ रुपियाँ जम्मा भएको छ । कोषमा प्रदेश सरकारले २५ करोड रुपियाँ जम्मा गरेको थियो । कोषबाट कोरोना रोकथाम, नियन्त्रण र

उपचारका लागि १२ करोड ६ लाख रुपियाँ खर्च भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका लेखा अधिकृत योग्यप्रसाद राईले जानकारी दिनुभयो ।

**इन्सेक उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार वैशाख १२ गते कोरोना प्रभावित क्षेत्र त्रियुगा नगरपालिका -३ भुल्केवस्तीमा स्वास्थ्य शिविर सञ्चालन गरिएको छ स शिविरमा एक सय २६ जनाले सेवा लिएका छन् । प्रभावितहरूले गर्भवती तथा सुत्केरी,ज्वरो,रूघामर्की, दीर्घरोगीहरूले औषधि उपचार नपाएको भन्ने व्यापक गुनासो गरेपछि नगरपालिका, स्थानीय प्रशासन, स्वास्थ्य कार्यालयको समन्वयमा जिल्ला अस्पतालले निःशुल्क शिविर सञ्चालन गरेको हो । शिविरमा ७४ जना महिला तथा बालबालिका र ५२ जना पुरूषले स्वास्थ्य सेवा लिएको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट जीवनारायण मण्डलले जानकारी दिनुभयो ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार जिल्लामा वैशाख १२ गतेसम्म वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा २० वेड र इनरूवा अस्पतालमा चार वेडको आईसोलेशन निर्माण गरिएको छ । धरान उपमहानगरपालिकामा ९४ वेड, इटहरी उपमहानगरपालिकामा एक सय वेड,इनरूवा नगरपालिकामा २० वेड , बराहक्षेत्र नगरपालिकामा ११ वेड, रामधुनी नगरापलिकामा ५६ वेड, दुहबी नगरपालिकामा ५० वेडसहित जिल्लाभरीमा ३ सय ७६ वेड क्षमताको क्वारेन्टाइन तयार भएको छ । वैशाख १२ गतेसम्मको अवधिमा हरिनगर गाउँपालिकामा ५० वेड, गढी गाँउपालिकामा दश वेड, देवानगञ्ज गाँउपालिकामा दश वेड र वर्जु गाँउपालिकामा आठ वेडमा गरी १ सय ८६ जना क्वारेन्टाइनमा बसेका छन् । प्रदेश १ सरकारले धरानको वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एक सय वेडको कोरोना अस्पताल बनाउने कार्य सुरूआत गरेको छ । प्रदेश सरकारले सङ्घीय सरकारको सहयोगमा अस्पताल निर्माण सुरू गरेको छ । वर्ल्ड भिजन फिल्ड कार्यालय विराटनगरले विपद् व्यवस्थापन समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी राजेश पौडेललाई कोरोना भाइरस प्रतिकार्य सञ्चालनका लागि आवश्यक सामग्री वैशाख १२ गते उपलब्ध गराएको छ । व्यक्तिगत सुरक्षा उपकरण(पीपीई) ३० थान, चार ओटा आईआर थर्मोमिटर, स्यानिटाइजर, माक्स हस्तान्तरण गरेको वर्ल्ड भिजनका फिल्ड व्यवस्थापक विनय अमात्यले जानकारी दिनुभयो । संस्थाले सबै सामग्री ६ लाख १५ हजार ९६ रुपियाँ बराबरको रहेको जानकारी दिएको छ ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का जिल्लाका स्थानीय तहमा रहेका क्वारेन्टाइनमा वैशाख १२ गते २८ जना रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । पशुपतिनगरमा चार जना महिलासहित सात जना, रोङ गाँउपालिकामा एक जना महिलासहित चार जना र माङ्सेबुङ गाँउपालिकास्थित क्वारेन्टाइनमा १७ जना रहेको कार्यालयको तथ्याङ्कमा उल्लेख छ । होम क्वारेन्टाइनमा ६४ जना महिलासहित ५ सय ७ व्यक्तिलाई राखिएको छ । जिल्लाका दश स्थानीय तहमा २५ स्थानमा क्वारेन्टाइन व्यवस्था गरिएको छ ।
जिल्लाका जनप्रतिनिधि र स्थानीय प्रशासनका प्रमुखको बैठकले इलामबाहिर रहेका जिल्लावासीलाई लकडाउनका बेला जिल्ला नल्याउने निर्णय गरेको छ । जिल्ला समन्वय समितिको पहलमा वैशाख १२ गते सदरमुकामका बसेको बैठकले इलाम घर भएपनि रोजगारी र अन्य सिलसिलामा बाहिरी जिल्ला रहेका व्यक्तिलाई ल्याएर व्यवस्थापन गर्न गाह्रो पर्ने भएकाले जहाँको त्यहीं रहन आग्रह गर्ने निर्णय गरेको हो ।

स्थानीय तहहरूबाट आफ्नो क्षेत्रमा घर भएपनि बाहिर रहेका व्यक्तिको विवरण पठाएअनुसार जिल्लाले उनीहरूको चाप थेग्न नसक्ने, लकडाउनको प्रभावकारिता नै नरहनेजस्ता समस्या भएपछि तत्काल नल्याउने निर्णय भएको जिल्ला समन्वय समिति प्रमुख गणेशप्रसाद बरालले बताउनुभयो ।
बैठकले विभिन्न स्वास्थ्य सामग्री अभाव भएको भन्दै प्रदेश सरकारसँग माग गर्ने निर्णय पनि गरेको छ । बैठकले स्थानीय तहमा भएका कोरोना भाइरससम्बन्धी गतिविधिको जानकारी र सूचना प्रत्येक दिन जिससमा पठाउने पनि निर्णय गरेको छ । बैठकमा जिसस प्रमुख, उपप्रमुखसहित जिल्लाका अधिकतर स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्षलगायतको सहभागिता थियो ।
नेपाल निजामती कर्मचारी सङ्गठनले जिल्लाका दश ओटा स्थानीय तहलाई दुई/दुई ओटा थर्मल गन प्रदान गरेको छ । सङ्गठनको जिल्ला समितिले दुई लाख रुपियाँ मूल्य बराबरको थर्मल गन जिल्ला समन्वय समितिमार्फत् वैशाख १२ गते स्थानीय तहहरूलाई वितरण गरेको सङ्गठनकी जिल्ला अध्यक्ष रमन्ता पौडेलले जानकारी दिनुभयो ।
इलामस्थित करूणा फाउन्डेसनले जिल्लाका सबै स्थानीय तहलाई स्वास्थ्य सामग्री वितरण गरेको छ । फाउन्डेसनले प्रत्येक स्थानीय तहलाई तीन सेट पर्सनल प्रोटेक्टिभ इक्युपमेन्ट (पीपीइ), तीन थान आइआर थर्मोमिटर, दश थान मास्क, आठ थान सर्जिकल ग्लोब्स, आठ लिटर सेनिटाइजर र ३२ ओटा साबुन प्रदान गरेको हो । फाउन्डेसनका व्यवस्थापक अजित योञ्जनले जिल्ला समन्वय समिति प्रमुख गणेश बरालमार्फत् जिल्लाका स्थानीय तहहरूलाई सामग्री हस्तान्तरण गर्नुभएको छ ।

**इन्सेक सोलुखुम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार काठमाडौमा रहेका १ सय ५४ जनाको उद्दार गरि सोलुखुम्बु ल्याइएको छ । जिल्लाको विभिन्न स्थानीय तहले उनीहरूको उद्दार गरी सोलुखुम्बु ल्याएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार सोलुदूधकुण्ड नगरपालिका सल्लेरीका ३६ जना, बेनीका १९ जना, तिङ्लाका १८ जना र टाप्टीङका ६ जनालाई सम्बन्धित स्थानमा पुऱ्याइएको छ । सोताङ गाउँपालिकाका ४७ जना वैशाख १२ गते सोताङ पुगेका छन् ।
माप्यदूधकोशी गाउँपालिका बासाका १२ जना, खुम्बु पासाङल्हामु गाउँपालिका जुभिङका दश जना र थुलुङ दूधकोशी गाउँपालिका देउसाका ६ जना गाउँ पुगेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर महेन्द्र दर्नालले जानकारी दिनुभयो । थुलुङ दूधकोशी गाउँपालिकाले वैशााख १२ गते तीन सय जनालाई राजधानी काठमाडौंबाट उद्दार गरेको छ । काठमाडौं उपत्यकामा आपतमा परेका तथा गाउँ फर्कन चाहने गाउँपालिकावासीहरूलाई दश ओटा मिनिबसमार्फत् उद्दार गरिने गाउँपालिका अध्यक्ष असिम राईले जानकारी दिनभयो ।
नेपाल कम्युनिष्ट पार्टीको भ्रातृ सङ्गठन राष्ट्रिय युवासङ्घ नेचासल्यान गाउँपालिकाले मास्क हस्तान्तरण गरेको छ । तीन हजार थान मास्क प्रदान गरिएको राष्ट्रिय युवासङ्घ नेचासल्यानका संयोजक सुजन राईले जानकारी दिनुभयो । महाकुलुङ गाउँपालिकाले स्वास्थ्य कर्मचारी बाहेकका सबै कर्मचारीले दश दिन बराबरको तलब कोरोना राहत कोषमा जम्मा गर्नुपर्ने निर्णय गरेको छ । वैशाख १२ गते बसेको गाउँकार्यपालिका बैठकले अधिकृत तहका कर्मचारीको १२ दिन र त्यस भन्दा तल्लो तहका कर्मचारीको दश दिन बराबरको तलब राहत कोषमा अनिवार्य जम्मा गर्नुपर्ने निर्णय गरेको गाउँपालिका अध्यक्ष सागर किराँतीले जानकारी दिनुभयो ।
लिखुपिके गाउँपालिका -५ ले भकाञ्जेमा १४ घर परिवारलाई राहात वितरण गरेको छ । विपन्न तथा एकल, असक्त, ज्यालामजदूरी गर्ने प्रति घरपरिवारलाई ३० केजी चामल, चार केजी दाल, १ के.जी नुन, १ लिटर तेलको साथमा हात धुने सावुन वितरण गरेको हो ।

लिखुपिके गाउँपालिकाले काठमाण्डौमा रहेका ८४ जना मजदूर तथा विद्यार्थीको उद्दार गरेको छ । गाउँपालिका तथा वडाले तोकेको क्वारेन्टाइनमा १४ दिन बस्ने शर्तमा उद्दार गरेको गाउँपालिका प्रमुख डम्बरबहादुर बस्नेतले जानकारी दिनुभएको छ ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख १२ गते दुई जना महिला र ६४ जना पुरूष गरी जम्मा ६८ जनालाई क्वारेन्टाइनमा राखिएको छ । क्वारेन्टाइनमा राखिएका १६ जना महिला र १४ जना पुरूष गरी जम्मा ३० जनालाई घर पठाइएको छ । आईसोलेशनमा एक जना पुरूषलाई राखिएको छ । पीसीआर परीक्षणका लागि एक जनाको स्वाब कोशी अञ्चल अस्पताल विराटनगर पठाइएकोमा नजिता आउन बाँकी छ । हालसम्म २ सय २८ जनाको आरडीटी र ३२ जनाको पीसीआर प्रविधिवाट स्वाब परीक्षण गरिएकोमा सबै जनाको नजिता नेगेटिभ देखिएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । जिल्ला अस्पतालमा ६ ओटा वेड, पाथीभरा अस्पतालमा ६ ओटा वेड र समर्पित अस्पतालमा ११ गरी जम्मा २३ आईसोलेशन स्थापना गरिएका छन् । जिल्लामा एक नगरपालिका र सात गाउँपालिकाले १९ स्थानमा २ सय ४ जना क्षमताको क्वारेन्टाइन स्थापना गरेका छन् ।
करूणा फाउण्डेशन नेपालले फिदिम नगरपालिकालाई पीपीई तीन थान, थर्मल गन तीन ओटा, मास्क, पञ्जा, सेनिटाईजर र साबुन हस्तान्तरण गरेको छ । फाउण्डेशनले जिल्लाका अन्य सात गाउँपालिकालाई पीपीइ दुई थान, थर्मल गन दुई ओटाका दरले हस्तान्तरण गरेको छ ।
लकडाउनका कारण मजदूर तथा विपन्न वर्गका व्यक्तिहरूको जीवनयापनमा समस्या देखिन थालेको छ । सवारी साधन नचल्दा तराईदेखि पहाडसम्म पैदल यात्रा गरी मानिसहरू हिँडिरहेका छन् । दैनिक उपभोग्य सागम्रीको सहज उपलब्ध हुन सकेको छैन् ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख १२ गते जिल्लामा चार जनालाई क्वारेन्टाइनमा राखिएको छ । १२ गते विभिन्न स्थानका ६२ जनालाई होम क्वारेन्टाइनमा राखिएको छ । १२ गते जिल्ला अस्पताल खाँदबारीमा १७ जना महिला र दश जना पुरूषले ज्वरो क्लिनिकमा जाँच गराएका छन् । हालसम्म एक सय जनाको र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिएको छ । र्‍यापिड डायग्नोस्टिक टेस्ट गरिएको सबै जनाकै रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य कार्यालयका प्रवक्ता रोशन श्रेष्ठले बताउनुभयो ।
जिल्लामा वैशाख १२ गतेसम्म खाँदबारी अस्पताल १० वेड ,तुम्लिङटार पाँच वेड, सिलिचोङ गाउँपालिका दुई वेड, मकालुमा एक वेड, पाँचखपन नगरपालिकाको वानामा दुई वेड आइसोलेशन तयारी अवस्थामा राखिएको छ । क्वारेनटाइन खाँदबारी नगरपालिका ५० वेड, पाँचखपन नगरपालिका दश वेड,चैनपुर नगरपालिका दश वेड,धर्मदेवी नगरपालिका दश वेड, भोटखोला गाउँपालिका चार वेड, सभापोखरी गाउँपालिका आठ वेड, चिचिला गाउँपालिका १५ वेड , मकालु गाउँपालिका चार वेड, र सिलिचोङ गाउँपालिकामा दश वेडसहित १ सय २७ क्वारेनटाइन छन् ।
खाँदबारी नगरपालिका-६ का एक जना महिला र तीन पुरूषसहित चार जनालाई खाँदबारी-८ मा रहेको बरुण क्याम्पसको क्वारेन्टाइनमा राखिएको छ । उनीहरूलाई वैशाख १२ गतेबाट क्वारेन्टाइनमा राखिएको खाँदबारी नगरपालिका नगरप्रमुख मुरारी खतिवडाले जानकारी दिन भयो । उनीहरू चार दिनअघि सिन्धुपाल्चोक बाट हिडेर आएको बताइएको छ ।
अरूण तेस्रो परियोजना निर्माण गरिरहेको भारतीय सतजल कम्पनीले २ सय थान किट उपलब्ध गराएको छ । सतलज कम्पनीले कोरोना भाइरसको परीक्षणका लागि २ सय थान किट उपलब्ध गराएको अस्पताल विकास समितीका अध्यक्ष सुमन शाक्यले जानकारी दिनुभयो ।

**इन्सेक ओखलढुङ्गा जिल्ला प्रतिनिधि शिवप्रसाद ढुङ्गाना**का अनुसार वैशाख १२ गतेसम्म ४१ जना क्वारेन्टाइनमा राखिएका छन् । कोरोना परीक्षण गरेका तीन जनाको रिपोर्ट नेगेटिभ आएपछि घर पठाइएको छ । विभिन्न स्थानीय तहले काठमाण्डौमा अलपत्र परेका १ हजार २ सय जना नागरिकलाई यातायातको व्यवस्था गरेर जिल्ला ल्याएका छन् ।
प्रदेश १ का भौतिक पूर्वाधार विकास राज्यमन्त्री अम्बीरबाबु गुरुङले प्रदेश सरकारबाट उपलब्ध पीपीइ, मास्क, पञ्जा, फेस सेभर लगायतका समाग्रीहरू हस्तान्तरण गर्नुभएको छ । ५० थान आइडीटी किटसमेत उपलब्ध गराइएको छ । हालसम्म  जिल्लाभरका १ सय ५० जनाको द्रुत विधिबाट गरिएको परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख सुमन तिवारीले बताउनुभयो ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार वैशाख १२ गते झापाका ६२ वर्षीय पुरूषमा कोरोना भाइरस सङ्क्रमण पुष्टी भएको छ । वैशाख १२ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको परीक्षणमा ति पुरूषमा कोरोना भाइरस देखिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । प्रदेश १ मा वैशाख १२ गतेसम्म कोरोना सङ्क्रमितको सङ्ख्या ३२ जना पुगेको छ । उदयपुरका २६ जना,विराटनगरका चार जना,भोजपुर र झापाका एक/एक जना गरी ३२ जना पुगेको प्रदेश १ को सामाजिक विकास मन्त्रालयले जनाएको छ ।
वैशाख १२ गते २१ जनाको स्वाब परीक्षण भएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । हालसम्म ७ सय ५६ जनामा ऱ्यापिड टेस्ट गरिएको छ । जसमध्ये ७ सय २९ जनाको रिपोट नेगेटिभ,२२ जनाको रिपोट आउन बाँकी छ । झापामा ३० जना डाक्टर, १ सय ३३ जना नर्स, २२ जना ल्याव टेक्निसियन, ८७ ओटा सुरक्षा दल, ६३ जना स्वयमसेवक र १ सय २१ जना सहयोगी परिचालन गरिएको छ ।
झापा उद्योग वाणिज्य सङ्घले भद्रपुर नगरपालिकाको विपद व्यस्थापन कोषमा ५१ हजार रुपियाँ नगद र ५० थान एन९५ मास्क सहयोग गरिएको सङ्घका अध्यक्ष नवराज पनेरुले जानकारी दिनुभयो ।
कनकाई नगरपालिकाको पहलमा अनुदानमा प्राप्त युरिया मल आपूर्ति हुन थालेको छ । मल अभावको समस्या झेलिरहेका नगरपालिका क्षेत्रका कृषकलाई मलको आपूर्ति हुन थालेसँगै केही राहत महसुस गरेका छन् । १८ सय बोरा युरिया कृषकलाई वितरण गरिने तयारी छ ।
बुद्धशान्ति गाउँपालिको विपद् व्यवस्थापन कोषमा सङ्घीय लिम्बुवान मञ्च बुद्धशान्ति गाउँपालिका समितिले ५१ हजार रुपियाँ सहयोग गरेको छ ।
कोरोना भाइरसको जोखिमको बेला फिल्डमा सक्रिय पत्रकारहरूको सुरक्षाको लागि बुधबारे जेसीजले मास्क, सेनिटाइजर र ग्लोब्स वितरण गरेको छ । बुद्धशान्ति प्रेस क्लबमा आवद्ध  १८ जना पत्रकारलाई मास्क, सेनिटाइजर र ग्लोब्स वितरण गरिएको हो ।
एक्सेल डेभलपमेन्ट बैङ्कले सञ्चालक समितिको पदाधिकारीहरू बैठकले कोरोना महामारीको प्रभावलाई मध्यनजर गर्दै ऋणीहरूलाई ब्याज रकममा राहत दिने निर्णय गरेको छ । ०७६ चैत महिनासम्ममा तिर्नु बुझाउनु पर्ने सबै प्रकारको कर्जाको तिर्न बाँकी रकम ०७७ वैशाख २० गतेसम्ममा बुझाएमा व्याज रकममा आधारदर भन्दा कम नहुने गरी १० प्रतिशतका दरले हुन आउने रकमले छुट प्रदान गरिने बैंकले जनाएको छ ।
झापाका आठ ओटा नगरपालिकाका प्रमुखहरूको मेचीनगरमा भएको संयुक्त बैठकले कोरोनाको सङ्क्रमण रोकथामका लागि साझा प्रयास गर्ने १४ बुँदे निर्णय निर्णय गरेको छ । खाद्य सङ्कट, राहत वितरण, कृषि मलको अभाव, कोरोना जाँच, क्वारेन्टाइनका कठिनाइहरू, उद्योग सञ्चालन, अलपत्र भएका नागरिकको उद्दार, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीको परिचालन, प्रदेश र सङ्घीय सरकारसँगको

सहकार्य लगायतका विषयमा विस्तृत छलफल भएको मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्यले बताउनुभयो ।

**इन्सेक खोटाङ जिल्ला प्रतिनिधि रामधन राई**का अनसार चैतयता विभिन्न देशबाट घर फर्किएका दश ओटा स्थानीय तहका १ सय १५ जना व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण भए/नभएको थाहा पाउनका लागि गरिएको र्‍यापिड डाइग्नोस्टिक टेष्टको सबैको रिपोर्ट 'नेगेटिभ' आएको प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलले बताउनुभयो । जन्तेढुङ्गा गाउँपालिकाबाट वैशााख ३ गतेदेखि सुरू गरिएको पहिलो चरणको र्‍यापिड डाइग्नोस्टिक टेष्ट वैशाख ११ गते रावाबेँसी गाउँपालिका पुगेर टुङ्गयाइएको छ । प्रमुख जिल्ला अधिकारी पौडेलका अनुसार रावाबेँसी गाउँपालिकाका तीन जना, साकेला गाउँपालिकाका १५ जना, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका नौ जना, हलेसी तुवाचुङ नगरपालिकाका २३ जना, कोपिलासगढी गाउँपालिकाका पाँच जना, ऐसेलुखर्क गाउँपालिकाका पाँच जना, दिप्रुङ चुईचुम्मा गाउँपालिकाका आठ जना, खोटेहाङ गाउँपालिकाका २६ जना, बराहपोखरी गाउँपालिकाका इक जना र जन्तेढुङ्गा गाउँपालिकाका २० जनाको र्‍यापिड डाइग्नोस्टिक टेष्ट 'नेगेटिभ' आएको हो । प्रदेश सरकारले १ सय २० ओटा किट पठाएपछि विदेशबाट फर्किएका व्यक्तिको ायापिड डाइग्नोस्टिक टेष्ट सुरू गरिएको थियो । र्‍यापिड डाइग्नोस्टिक टेष्टका क्रममा खोटाङबाट पीसीआर टेष्टका लागि पठाइएका नमूनाको रिपोर्ट पनि 'नेगेटिभ' आएको छ । १६ ओटा नमूना सङ्कलन गरेर पठाइएकामा १५ जनाको नमूना (स्वाब)को पिसिआर रिपोर्ट 'नेगेटिभ' आएको हो । एक ओटाको रिपोर्ट आउन बाँकी रहेको प्रमुख जिल्ला अधिकारी पौडेलले बताउनुभयो । आरडिटिको 'नेगेटिभ' रिपोर्ट देखिए पनि १० प्रतिशतको नमूना सङ्कलन गरेर परीक्षणका लागि वीपी कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको थियो ।
फ्रान्सबाट कतार हुँदै गत चैत ४ गते नेपाल आएकी एक युवतीसँगै कतारबाट काठमाडौंसम्मको यात्रा गरेका जन्तेढुङ्गा गाउँपालिका-३ का एक युवा तथा उदयपुरको कटारी अस्पतालको आइसोलेशनबाट भागेपछि हलेसी तुवाचुङ नगरपालिका-५ दुर्छिमको हैदेमा आफन्तको घरमा फेला परेका उदयपुर ठानागाउँका एक पुरुषको पीसीआर रिपोर्ट पनि समावेश छन् ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार जिल्लामा एक युवकमा कोरोना सङ्क्रमण पुष्टी भएको छ । वैशाख ९ गते द्रुत परीक्षण विधि (आरडीटी)बाट जाँच गर्दा रिपोर्ट पोजेटिभ देखिएका युवकको वैशाख ११ गते पीसीआर रिपोर्ट पोजेटिभ आएको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले जनाएको छ । धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको पीसीआर परीक्षणमा भोजपुरको हतुवागढी गाउँपालिकाका २६ वर्षीय पुरूषमा कोरोनाभाइरस सङ्क्रमण पुष्टी भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । ०७६ साल फागुन ३० गते साउदीबाट काठमाडौं आएका ती युवक चैत ११ गते हतुवागढी आइपुगेको जिल्ला प्रशासन कार्यालय भोजपुरका प्रमुख जिल्ला अधिकार वसन्तराज पुरीले बताउनु भयो । युवकका परिवारका दुईसहित अन्य तीन जनाको आरडीटी रिपोर्ट भने नेगेटिभ आएको छ । सङ्क्रमित युवालाई उपचारार्थ विराटनगरको कोरोना विशेष अस्पताल लान एम्बुलेन्स नपाएपछि उनलाई विराटनगर पठाउन नसकिएको प्रमुख जिल्ला अधिकारी वसन्तराज पुरीले जानकारी दिनु भयो ।
हतुवागढी गाउँपालिकामा कोरोना सङ्क्रमित भेटिएपछि हतुवागढीसँग सीमा जोडिएका स्थानीय तहका नाकामा कडाई गरिएको छ । पौवादुङमा गाउँपालिका-६ ठुलोदुङमा र हतुवागढी गाउँपालिकाको होम्ताङको सीमाना पर्ने मार्ताङ नाकामा सुरक्षा व्यवस्थामा कडाई गरिएको पौवादुङमा गाउँपालिका

अध्यक्ष किरण राईले जानकारी दिनुभयो । त्यस्तै मार्ताङ नाकासँगै र धनकुटासँग सीमा जोडिएको अधेँरीघाट नाकामा क्वारेन्टाइन निर्माण गरिएको छ ।
भोजपुर नगरपालिका- १० भैसीपङ्खाले वडा भित्रका २ सय ५५ गरिब, विपन्न, मजदुरहरुलाई राहत वितरण गरेको छ । प्रति परिवार २० केजी दरको एक बोरा चामल, १ केजी नुन, १ लिटर तेल, १ओटा साबुन र १ केजी दाल दिएको वडा अध्यक्ष सुविन राईले बताउनु भयो ।
**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**